३७. अलैंची गुणस्तर वृद्धि तथा बजारीकरणको लागि सुधारिएको भट्टी अनुदान र वितरणमा सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरिनेछ।

३८. भकारो सुधार कार्यक्रमलाई कार्यान्वयनमा ल्याउनुका साथै जैविक मल तथा विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।

३९. ठाउँ तथा हावापानी अनुसार सुहाउँदो फलफुलहरुको बोट बिरुवा लगाई क्षेत्र बिस्तार गरिने छ।

४०. गरीब तथा विपन्न परिवारहरुलाई पहिचान गरी तरकारी खेतीमा अनुदान दिने नीति लिईनेछ।

४१. यस नगरपालिका अन्य आवश्यकता अनुसार फलफुल तथा तरकारी संकलन केन्द्र निर्माण गर्न पहल गरिनेछ।

पशुपन्छी

४२. नगरपालिका क्षेत्रमा भएका जंगली पशुपन्छीहरुको *प्राकृतिक संरक्षण (In-situ conservation)* को व्यवस्था गरी जैविक विविधता कायम राख्न आवश्यक नीति अवलम्बन गरिनेछ।

४३. पशु व्यवसायलाई व्यवस्थित गर्न पशु चरणको लागि सम्भावित ठाउँ पहिचान गरी सञ्चालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

४४. *मौसमी कृत्रिम गर्भाधान* (Artificial Insemination) लाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको सुरुवात गर्न र ती ठाउँमा न्यून उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गरिनेछ। यसका साथै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

४५. आधुनिक व्यावसायिक भेडा, बाख्रा, गाई, भैंसी, बंगुर लगायत अन्य *पशुपंक्षी फर्म*को विकास गर्न जोड दिइनेछ।

४६. हिउँदमा *पशुहरुको आहारा* आपूर्तिको लागि स्थानीय पोषिला घाँसहरुको पहिचान र संरक्षण गरी स्थानीय स्रोत साधनबाट पौष्टिक आहारको प्रवर्द्धन गरिनेछ।

४७. यस नगरपालिका अन्य आवश्यकता अनुसार *आधुनिक बधशाला* निर्माण गर्न पहल गरिनेछ।

४८. *व्यवसायिक पंक्षीपालन*लाई प्रोत्साहन तथा प्राथमिकता दिइनेछ।

४९. नगरपालिका प्रत्येक वडामा पशु स्वास्थ्य सेवा सुनिश्चत गर्न *निजी प्राईभेट* र *ग्रामीण स्वास्थ्य कार्यकर्ता*हरु परिचालनमा नगरपालिकाले संलग्नतालाई प्रोत्साहन गरिनेछ।

५०. नगरपालिका स्तरीय *घुम्ती पशु शिविर* सञ्चालन गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।

सहकारी

५१. *'गाउँ गाउँमा सहकारी, घर घरमा रोजगारी'* नारालाई सार्थकता प्रदान गर्न स्थानीय सहकारी ऐन मार्फत र स्थानीय तहमा हस्तान्तरण भईसकेका सहकारी संस्थाहरु, दर्ता हुन आउने संस्थाहरुको सञ्चालन, नवीकरण, नियमन र खारेजी गरिनेछ।

५२. स्थानीय तहको दीगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रुपान्तरणका लागि *सवल र सक्षम सहकारी प्रणाली*लाई विकास गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

५३. स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीलाई *अर्थतन्त्रको एक सबल स्तम्भ*को रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको लक्ष्यमा योगदान पुऱ्याउने नीति अवलम्बन गरिनेछ।

५४. शिक्षा, तालिम र सूचनाको माध्यमबाट *सहकारीको संस्थागत क्षमता विकास* र सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा आवश्यक नीतिहरू अवलम्बन गरिने छ।

५५. कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा *सहकारीलाई क्रियाशील* तुल्याउने नीति अवलम्बन गरिनेछ।

५६. सहकारीको विकास, विस्तार र प्रवर्द्धनको लागि दीर्घकालीन योजना, मानव संशाधन विकास, आवश्यक *संगठन संरचनाहरुको निर्माण* एवम् कानुनी व्यवस्थाहरु तय गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

५७. सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, नीजी क्षेत्र तथा विकास साझेदारहरु बीच *सहकार्य र सहयोग*लाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

५८. सहकारीको निर्दिष्ट मूल्य र सिद्दान्तहरुको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत *सहकारी क्षेत्रमा सुशासन* कायम गर्ने नीति अंगीकार गरिनेछ।

५९. *सहकारी प्रवर्द्धित उद्योग व्यवसायको विकास* तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रतिस्पर्धी, प्रभावकारी एवम् गुणस्तरीय बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ।

६०. महिला, गरीब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन *सहकारीको पहुँच अभिवृद्धि* गरिनेछ।

उद्योग

६१. बुढिगंगा नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका ठूला, मझौला, घरेलु तथा साना उद्योगहरुको *विवरण अद्यावधिक* गरी उक्त उद्योग व्यवसायको अधिकृत पूँजी, स्वरुप, प्रकृति, क्षेत्रका आधारमा वर्गीकरण गर्ने तथा सञ्चालन र नियमनका लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

६२. घरेलु तथा साना उद्योगहरूलाई कच्चा पदार्थको आयात तथा उद्योगजन्य उत्पादनको निर्यात, *वस्तुको बजारीकरणमा विशेष सहुलियत* दिइनेछ।

६३. बुढिगंगा नगरपालिकामा प्रचुर मात्रामा सम्भावना रहेको सम्भाव्य उत्पादनलाई व्यवसायीकरण गर्न आगामी आर्थिक वर्षबाट *औद्योगिक ग्राम*को स्थापना गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ।

६४. बुढिगंगा नगरपालिका भित्र घरेलु *तथा साना उद्योग*को विस्तार गरिनेछ। स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी राडीपाखी, खाँडी, अल्लो ढाका जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई अनुदानको व्यवस्था गरिनेछ।